# २७ औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिका तर्फबाट संयोजक श्री कमल प्रसाद भट्टराईले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन - २०७८



कमल प्रसाद भट्टराई

सभाका सभाध्यक्ष महोदय,

आजको यस उपकार बचत तथा ऋण सहकारी संस्था लि. को लेखा सुपरिवेक्षण समितिको संयोजकको हैसियतमा यस सम्मानीत २७ औं बार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हर्षित छु। कोरोना भाईरस महामारीका बीच भई रहेको यस साधारण सभालाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएको सम्पूर्ण सदस्य महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

साथै हाम्रो समिपमा आई रहेको महान पर्व विजया दशमी, मोहनी नख, दिपावली, सुन्ति नखः तथा नेपालको मौलिक सम्बत् नेपाल सम्बत् ११४२ नयाँ बर्षको उपलक्ष्यमा संस्थाका समस्त सदस्यज्यूहरुको उत्तरोत्तर प्रगति, सुख, समृद्धिको लागि अग्रीम रुपमा म स्वयम् तथा संस्थाको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु।

संस्थाको लेखा सुपरिवेक्षण समितिलाई सहकारी ऐन २०७४ को दफा ४९ को उपदफा १ (च) ले "लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरिवेक्षण सम्बन्धी बार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने" व्यवस्था गरेको र सहकारी मापदण्ड २०६८ को दफा ११ (४) को अनुसूची - २ ले लेखा समितिको प्रतिवेदन ढाँचा समेत उल्लेख गरी साधारण सभा समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको छ। सोही अनुसार यस संस्थाका लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन आजको सम्मानीत २७ औं साधारण सभा समक्ष पेश गर्न चाहन्छु।

अध्यक्ष महोदय,

अब म यस सम्मानीत २७ औं बार्षिक साधारण सभा समक्ष संस्थाको आ.ब. २०७७/०७८ को लेखा सुपरिवेक्षण समितिको तर्फबाट बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१. अघिल्लो साधाण सभाको निर्णय कार्यान्वयनको अवस्था :**

विश्वलाई नै आक्रान्त बनाई रहेको कोरोना भाईरसको महामारीका बीच सहकारी अभियानमा नौलो अभ्यास गरी नयाँ तरिकाबाट सहकारी विभागको निर्देशन बमोजिम गत बर्ष मिति २०७७ कार्तिक १ गते, घटस्थापनाका दिन संस्थाको २६ औं बार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न भएको छ। भाद्र १५ गतेदेखि ३० गतेसम्म साधारण सभाको उपस्थिति पुस्तिका खुल्ला गरी प्रतिवेदन वितरण गरिएको उक्त साधारण सभाले सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत बार्षिक प्रतिवेदनहरु, लेखा परिक्षण प्रतिवेदन लगायत विभिन्न ११ वटा निर्णयहरु पारित गरेको स्मरण गराउन चाहन्छु। गत साधारण सभाबाट भएको सबै निर्णयहरु कार्यान्वयन गरिएको पाईन्छ।

**२. आ.ब. २०७७/०७८ मा बसेको बैठक संख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था :**

गत आर्थिक बर्ष २०७७/०७८ मा सञ्चालक समितिको बैठक १३ पटक, लेखा सुपरिवेक्षण समितिको बैठक ३ पटक तथा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको संयुक्त बैठक २ पटक बसेको छ। सञ्चालक समितिबाट भएको अधिकाँस निर्णयहरु कार्यान्वयन गरेको पाईयो।

**३. ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

संस्थाले संस्थामा लागू रहेको ऋण व्यवस्थापन नीति २०७६ बमोजिम ऋण लगानी गरेको छ। संस्थाको ऋण नीति बमोजिम बचतको दोब्बर वा पचास हजारसम्म मात्र विना धितो ऋण प्रदान गर्दै आएको देखिन्छ। सो भन्दा बढी ऋणहरु ऋण लगानी गर्दा चल अचल सम्पति धितो वा सदस्य जमानीमा मात्र लगानी गरेको देखियो । रु. ५ लाखसम्मको ऋण, ऋण अधिकृतबाट, रु. १० लाखसम्मको ऋण, व्यवस्थापकबाट, रु. २० लाखसम्मको ऋण ऋण उप-समितिबाट र सो भन्दा बढीको ऋण सञ्चालक समितिबाट स्वीकृत गर्ने नीतिगत व्यवस्था रहेको पाईयो । साथै रु. दश लाख भन्दा बढीको ऋण माग सम्बन्धमा बाह्य धितो मूल्यांकन कर्ताबाट धितो मूल्यांकन गराउने गरेको पाईयो । धितोहरु मालपोत कार्यालयमा दृष्टिबन्धक पारित गरेको पाइयो । संस्थाका सञ्चालकहरु मध्ये ५१% भन्दा कम सञ्चालकहरुले मात्र ऋण कारोबार गरेको पाइयो।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण :**

सहकारी विभागबाट सहकारी संघसंस्थाहरुलाई जारी गरेको सहकारी मापदण्ड २०६८ पालना गरेको पाइयो।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :**

गत आर्थिक बर्ष २०७७/०७८ मा सहकारी विभाग, कुनै पनि कार्यालय र संघहरुबाट यस संस्थाको अनुगमन गरेको पाइएन।

**६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :**

संस्थाका अध्यक्ष तथा सल्लाहकारले यातायात तथा सञ्चार भत्ता लिएको। सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका अन्य पदाधिकारीहरुले बैठक भत्ता बाहेक अन्य सुविधा नलिएको। कार्य कालमा एक पटक पोशाक भत्ता लिने गरेको छ। अरु भत्ता तथा सुविधा लिएको छैन।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :**

साधारण सभाबाट प्रत्यायोजित अधिकार बमोजिम सञ्चालक समितिले मानव संशाधन नीति बनाई लागू गरेको छ। कर्मचारी प्रशासन नीतिमा भएको व्यवस्था अनुसार नै कर्मचारी नियुक्ती र जिम्मेवारी प्रदान गरेको देखिन्छ। गत आर्थिक बर्षमा बजार प्रतिनिधि एक जना नियुक्त गरेको छ भने संस्थामा सेवा लिनका

लागि आउनु हुने सदस्यहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले एक जना स्वास्थ्यकर्मीलाई आंशिक सेवाका लागि करार सेवामा नियुक्त गरेको देखिन्छ।

कार्यरत कर्मचारीबीच नीति बमोजिम जिम्मेवारी बाँडफाँड गरी कार्य सम्पादन गर्ने गरेको पाईन्छ। संस्थामा लागू रहेको मानव संशाधन नीतिमा तोके बमोजिम योग्यता व्यवस्थापन प्रमुख र अन्य कर्मचारीहरुमा रहेको छ। हाल संस्थामा करार ४ र स्थायी ६ गरी जम्मा १० जनाको व्यवस्थापन समूह रहेको छ।

**८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :**

संस्थाको गत सम्पन्न २६ औं बार्षिक साधारण सभामा यस समितिको तर्फबाट केही सुझावहरु प्रस्तुत गरेकोमा समितिले पेश गरेको सुझावलाई सञ्चालक समितिले गम्भिरतापूर्वक लिई सोको कार्यान्वयन गरेको र केही सुझावहरुको कार्यान्वयनको सकारात्मक प्रयास भएको देखियो।

**९. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :**

कोरोना महामारीले हामीलाई त्रास मात्र दिएन नयाँ प्रविधिमा अभ्यस्त बन्न पनि सिकाएको छ। अहिले विश्वमा नयाँ नयाँ प्रविधिहरुको आविष्कार र विकास पनि भई रहेका छन्। हाम्रो देशमा पनि आर्थिक क्षेत्रमा डिजिटल माध्यमबाट विना नगद कारोबार गर्नेहरुको संख्या पनि बढेको छ। डिजिटल माध्यमबाट कारोवार गर्दा कोरोना संक्रमण जोखिमबाट पनि बच्न सकिन्छ। त्यसैले संस्थाले सदस्यहरुलाई डिजिटल कारोबार गर्न आकर्षित गराउने नयाँ नयाँ प्रविधिहरुबाट सेवा सञ्चालन गर्न आवश्यक देखिएको छ।

**१०. लेखा सुपरिवेक्षण समितिका सुझावहरू :**

- ❖ संस्थाको विहानको कार्यालय समय यथावत राखी दिउँसोको कार्यालय सयमलाई सामान्य कार्यालय सयम मुताविक ५:०० सम्म नै गर्नु उपयुक्त देखिन्छ।
- ❖ प्रविधिलाई सदस्यसम्म पुऱ्याई अधिकतम प्रयोग समय सापेक्ष डिजिटल बैकिङ्ग सेवा उपलब्ध गराउनु पर्ने।
- ❖ बचत तथा ऋण सहकारी संस्थाहरु बीच एक आपसमा एकीकरण गर्न साकोस एकीकरण अवधारणलाई ध्यानमा राखी एकीकरणका लागि क्रियाशील हुनु पर्ने।
- ❖ वित्तिय संरचना पर्ल्स अनुगमन प्रणाली अनुसार कायम गर्नु पर्ने।

कोरोना महामारीको यस विषम परिस्थितिमा भएको २७ औं बार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत भएको बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गरी दिनु हुनेछ भन्ने विश्वास लिएको छु। संस्थामा सुशासन, पारदर्शिता, आर्थिक अनुशासन कायम गर्ने गराउने सम्बन्धमा लेखा सुपरिवेक्षण समितिलाई यहाँहरुको साथ र सक्रिय सहयोग प्राप्त हुने आशा गर्दै यो प्रतिवेदन यही टुङ्ग्याउँछु।

धन्यवाद ! जय उपकार !! जय सहकारी !!!